पाठ ७

प्रत्यागमन

✍ गुरुप्रसाद मैनाल

puspas.com.np

शब्दार्थ

प्रत्यागमन : फर्केर आउने काम, फर्कने काम
भोगटे : ज्यामिर जातको डल्लो र ठुलो बाक्ला बोक्रा भएको रसिलो र गुलियो जातको फल
हलुवाबेत : कडा कडा पात, सेता फुल, राता मझौला खालका गुलिया फल हुने एक रूख
ढुङ्ग्रो : भित्रपट्टि खोको भएको बाँस, पाता आदिको नली जस्तो वस्तु
जाबो : तुच्छ, कम महत्त्वको, काम नलाग्ने रद्दी
असरल्ल : लथालिङ्ग, अलपत्र, समालिन नसक्ने अवस्थाको
जिलेवी : रोटीको सानो प्रकार, जेरी
साम्राज्य : हालीमुहाली, आफ्नै अधिकार भित्रको
अनुपम : उपमा दिन नसकिने, तुलना हुन नसक्ने, अतुलनीय
धितो : आसामीले लिएको ऋण सम्बन्धी धनबापत साहु वा धनीलाई तमसुकमा लेखिदिएको घर जग्गा आदि
बरियाँत : विवाहमा बेहुलाका साथ बेहुलीका घरमा जाने आमन्त्रित व्यक्तिहरूको समूह, जन्ती
सियाँली : नयाँ दुलहीको आगमन हुँदा पूजाको सामान लिएर विधिपूर्वक गरिने आरती
जीआमा : हजुरआमा
आँचल : पछ्यौरा, बर्को, च्यादर
बर्कत : मानिस वा अन्य प्राणीमा भएको शारीरिक शक्ति, बल
जजमान : कर्मकाण्डको विधान जान्नेको निर्देशनमा पाठपूजा गर्ने व्यक्ति
तामदान : मानिसले मानिसलाई बोक्ने साधन
खर्पन : दुवै छेउमा डालाका आकारका भाँडा झुन्ड्याई नोललाई काँधमा हाली माल सामान बोक्ने साधन
बुहार्तन : बुहारीको काम वा अभिभारा, बुहारीले गर्नुपर्ने घरधन्दा, घरको पिरलो र सकस
लम्पट : सानो खालको पातलो डस्ना
छिँडी : तला हुने घरको सबभन्दा तल्लो तलो, भुइँतलो
मुगी : मासका जस्ता पात हुने, पहेँलो फुल फुल्ने र लामा लामा कोसाभित्र मसिना दाना हुने एक अन्न, मुङ
पूर्वाभास : पछि हुने कुनै काम कुरा आदिको पहिले नै देखिने लक्षण, पछि आउने परिस्थिति वा हुने घटनाको पूर्व लक्षण
लरी : छानो नभएको एकप्रकारको ट्रक
मालमत्ता : माल सामान
बर्को : सानो एकसरो ओढ्ने वा पछेउरा विशेष, मजेत्रो
दारुण : कठोर, कडा, भयानक
कान्तिहीन : सौन्दर्यहीन
कोपरा : प्रायः केटाकेटी वा बिरामीलाई दिसा पिसाब गराइने पित्तल वा आलमोनियम आदिको भाँडा
फिकदानी : थुक्ने भाँडो
बीभत्स : घिनलाग्दो वस्तु, घृणा उत्पन्न गराउने
बरन्डा : घरको मुख्य भागदेखि बाहिरपट्टि गाँसिएको छानासहितको भाग, बार्दली, कौसी
चकला : रोटी बेल्ने प्रायः बाटुलो आकारको काठको सानो चौकी
भुङ्ग्रो : दाउरा बलिसकेपछिको आगोको ठकढकाउँदो अवस्था, आगमेको फिलिङ्गाको थुप्रो
बाँर्ली : बिरामीका लागि तयार पारिएको एक प्रकारको रसयुक्त खानेकुरा
आरोग्य : रोग नभएको अवस्था, तन्दुरुस्ती
तारन्तार : लगातार, निरन्तर
श्रीहीन : शक्ति नभएको, कान्ति विहीन
कृतघ्न : गरेको उपकार नदेख्ने वा नमान्ने, बैगुनी

pustak.com.np

अभ्यास

पेज ६४

सुनाइ

१. **कथा सुनेका आधारमा तलका भनाइ कसले कसलाई भनेका हुन्, पत्ता लगाई भन्नुहोस् :**

(क) **भो बा भो ! अब तिमी जहाँ जहाँ समाउन भन्छौ म उहीँ समाउँछु ।**

उत्तर: शोभाले रामुलाई भनेकी हुन् ।

(ख) **बार्ली के ताप्केमा पकाउने गरेको छ ?**

उत्तर: शोभाले बार्ली ल्याउने मानिसलाई भनेकी हुन् ।

(ग) **म एमएस्सी पास भएँ, सबैभन्दा पहिला भएछु ।**

उत्तर: रामुले शोभालाई भनेका हुन् ।

(घ) **आज मुमासँग दक्षिणकाली जान्छु भनेर बिहानै माइत जानुभयो ।**

उत्तर: बार्ली ल्याउने मानिसले शोभालाई भनेको हो ।

(ङ) **सारै बिरामी हुनुहुन्छ बज्यै । डाक्टर, वैद्यहरू पनि 'खोइ, तर लाग्न गारो भो' भन्न लागे ।**

उत्तर: आगन्तुक महिलाले शोभालाई भनेकी हुन् ।

२. **कथाको आठौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

उत्तर: कथाको आठौँ अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

३. **तेइसौँ अनुच्छेद सुन्नुहोस् र तल सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **शोभाले किन हर्षाश्रु झारिन् ?**

उत्तर: रामुले पहिलो पटक तलब थन्क्याउन दिएका कारण शोभाले हर्षाश्रु झारिन् ।

(ख) **रामु प्रोफेसर भएपछि उनको घरमा महिनामा कति रुपियाँ भित्रिन लाग्यो ?**

उत्तर: रामु प्रोफेसर भएपछि उनको घरमा महिनामा पाँच सय साठी रुपियाँ भित्रिन लाग्यो ।

(ग) **रामुले हरेक महिनाको तलब के गर्थे ?**

उत्तर: रामुले हरेक महिनाको तलब ल्याएर शोभाका हातमा राखिदिन्थे ।

(घ) **शोभाले किन आँचलका छेउले आँसु पुछिन् ?**

उत्तर: शोभाले अतीतमा आफूले डेढ वर्षको टुहुरो रामुलाई लालनपालन गरेको र वर्तमानमा रामुले देखाएको उदारलाई सम्झेर आँचलका छेउले आँसु पुछिन् ।

(ङ) **'हर्षाश्रु' र 'दरिद्र' शब्दको अर्थ के हो ?**

उत्तर: **हर्षाश्रुको** अर्थ ज्यादै खुसी वा हर्ष हुँदा आँखाबाट झर्ने आँसु हो भने, **दरिद्रकको**- धन नभएको निर्धन हो, गरिब वा कङ्गाल

४. **पाठको एकतिसौँ अनुच्छेद सुनी त्यसमा व्यक्त गरिएका कुरालाई कक्षामा सुनाउनुहोस् ।**

उत्तर: अफिसबाट सदा झैँ घर फर्केका रामुले चोकबाट हरि र वसुधालाई बोलाए पनि त्यसको कुनै प्रतिक्रिया आएन । तलामा उक्लेपछि उनी श्रीमतीले ल्याएका कोसेली खान मस्त हरि र वसुधालाई आफूले ल्याएको चकलेटको एक एक पोका हरि र वसुधालाई दिएर आफ्नो कोठामा गए । केही बेरपछि शोभाले रामुलाई कोसेलीको रसभरी र बर्फी ल्याएर दिए पनि उनले आफूलाई सन्चो नभएकाले सदा झैँ पुरी तरकारी ल्याइदिन अनुरोध गरे ।

puspas.com.np

बोधात्मक

५. उदाहरणमा देखाए जस्तै गरी शुद्ध उच्चारण गर्नुहोस् :

उदाहरण : खर्पन/ खर्. पन्./

कृतघ्न, दृश्य, प्रशंसा, आँचल, अलौकिक

उत्तर: कृतघ्न/क्रि.तग्. घ्न./ दृश्य/ द्रिस्. स्य./

प्रशंसा/प्र. सम्. सा./ आँचल /आँ. चल् ./

अलौकिक/अ. औ. किक्./

६. यस कथाको शीर्षक कत्तिको उपयुक्त छ ? आफ्ना तर्क कक्षामा प्रस्तुत गर्नहोस् ।

उत्तर: यो कथा सामाजिक कथाकार गुरुप्रसाद मैनालीले लेखेका हुन् । उनले विषयवस्तु अनुकूल कथाको शीर्षक चयन गरेका छन् । **प्रत्यागमन**को अर्थ फर्केर आउने काम वा फर्कने काम भन्ने हुन्छ । यस कथामा आएका रामुलाई डेढ वर्षको उमेरदेखि शोभाले लालनपालन गरी मातृत्व प्रदान गर्दै हुर्काइन् । उनले पढ्ने लगायत जागिर खान थाल्दा समेत शोभालाई आमाकै रूपमा व्यवहार गर्थे । शोभाका श्रीमान् र छोराछोरीप्रति रामुको व्यवहार अनुकरणीय थियो । उनको बिहे धनाढ्य परिवारकी केटीसँग गएपछि केही समय राम्रै भए पनि श्रीमतीको लहैलहैमा लागेर रामु अलगै बस्न थाले । समय बित्तै गएपछि रामुको छोरा जन्मियो । तर उनकी श्रीमतीले कुनै जिम्मेवारी पुरा गरिनन् । रामु बिरामी हुँदा हेरचाह गर्नुको साटो अन्यत्रै घुम्न गइन् । बिरामी श्रीमान् र सानो छोरालाई छोडेर श्रीमती बाहिर गएकाले रामुले आमाजत्तिकै माया गर्ने शोभालाई लिन पठाए । शोभाले आएर धेरै स्याहार सुसार गरेपछि रामु तङ्ग्रिए र आखिर आफूलाई शोभाले नै माया गर्छिन् भन्ने लागेर उनी आफ्ना सामान लिई दाजुभाउजूकै घर फर्किए । यसरी सामाजिक विषयवस्तुमा आधारित यस कथाका मुख्य पात्र घरायसी कारणले घर छोडी हिँडेका र समस्या आइपरेपछि पुनः घर फर्किएको घटना प्रस्तुत गरिएकाले प्रस्तुत कथाको शीर्षक विषय अनुकूल र उपयुक्त रहेको स्पष्ट हुन्छ ।

७. रामुको जस्तो प्रत्यागमनको अवस्था अब समाजमा कसैले पनि भोग्न नपरोस् भन्नका लागि कसकसले के-के गर्नुपर्ला, भन्नुहोस् ।

उत्तर: रामुकी श्रीमती अव्यावहारिक र परिस्थितिअनुसार चल्न नसक्ने भएकाले रामुले घर छोडेर अन्यत्रै बस्न थाले पनि प्रत्यागमनको अवस्था सिर्जना भएको छ । घर परिवारका लागि योभन्दा दुःखद अवस्था केही हुन सक्दैन । आखिर रामु लाचारी बनी दाजुभाउजूका घरमा फर्किन बाध्य भएका छन् । यस्तो अवस्था समाजमा कसैले पनि भोग्न नपरोस् भन्नका लागि सर्वप्रथम श्रीमान् श्रीमतीमध्ये श्रीमतीले बढी नै ध्यान दिनुपर्छ । लोग्नेले प्रशस्त कमाइ गरिरहेको अवस्थामा माइतीको धाक र रवाफ दिएर परिवारको सुख तथा शान्तिमा खलल पुऱ्याउने काम गर्नुहुन्न । विशेषतः पारिवारिक दायित्व बोध श्रीमतीले गर्नु राम्रो हुन्छ । त्यस्तै श्रीमान्ले पनि कमाएर ल्याएको छु भन्दै घरका समस्याबाट अलग बस्नु हुन्न । आवश्यकताअनुसार आपसमा समझदारी कायम गरी एकअर्कामा सहयोग पुऱ्याउने कुरामा ध्यान दिनु पर्छ । त्यस्तै अभिभावकले आफूभन्दा कनिष्ठलाई जीवनमा आइपर्ने समस्या यस्ता यस्ता प्रकृतिका हुन्छन् । त्यसबाट भाग्ने वा पन्छिने गरियो भने समस्याहरू आइलाग्छन् भनी बेलैमा सचेत गराउनुपर्छ । यसरी सम्बन्धित सबैले आफू सचेत हुँदै जिम्मेवारी पनि पुरा गर्न सकेका खण्डमा समाजका कसैले पनि प्रत्यागमनको अवस्था भोग्न पर्ने अवस्था सिर्जना हुँदैन ।

pdfbas.com.np

८. कथाको तिसौँ अनुच्छेद सस्वर वाचन गर्नुहोस् र उक्त अनुच्छेद पढ्न तपाईंलाई कति समय लाग्यो, शिक्षकलाई सोध्नुहोस् ।

उत्तर: विद्यार्थीले पाठको तिसौँ अनुच्छेद सस्वर वाचन गर्ने र अनुच्छेद पढ्न लागेको समय शिक्षकलाई सोध्ने ।

९. कथाको छत्तिसौँ अनुच्छेद सस्वर वाचन गर्नुहोस् र तल सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

(क) किन दाइभाइका बिचमा ठाकठुक भयो ?

उत्तर: दुलहीको कुरालाई लिएर दाजुभाइका बिचमा ठाकठुक भयो ।

(ख) निर्मलले रामुलाई के भने ?

उत्तर: निर्मलले रामुलाई बेग्लै बस्न जानुको सट्टा पर्खिन भने ।

(ग) निर्मलले कस्तो अवस्थामा रामुले छुट्टिनै पर्दैन भने ?

उत्तर: निर्मलले आफू र श्रीमती धाम घुम्न जाँदा मरियो भने त्यस्तो अवस्थामा छुट्टिनै पर्दैन भने ।

(घ) शोभाले किन आँसुका थोपा खसाल्न थालिन् ?

उत्तर: देवर र पतिका छुट्टिएर र बस्ने कुरा सुन्दा शोभाले आँसुका थोपा खसाल्न थालिन् ।

१०. तपाईंको विचारमा रामु के छुट्टिएर बस्नु आवश्यक थियो ? तार्किक उत्तर दिनुहोस् ।

उत्तर: मेरो विचारमा रामु छुट्टिएर बस्नु आवश्यक थिएन । आफू डेढ वर्षको हुँदादेखि लालनपालन गरी आमाबुबाको स्नेह प्रदान गर्ने दाजुभाउजूलाई गरिबीका कारण केही कमाउने भइसकेको रामुले बन्धुत्व र पारिवारिक हिसाबले पनि सहयोग पुऱ्याउनु पर्थ्यो । आफूले बिहे गरेपछि र कमाउन थालेपछि श्रीमतीको लहै लहैमा लागेर छुट्टिएर बस्नु आवश्यक थिएन । समाजको प्रतिष्ठित व्यक्ति भएर पनि परिवारलाई सन्तुलनमा राख्न नसक्नु रामुको कमजोरी हो । उनी दाजुभाउजूबाट छुट्टिएर बस्दा आफ्नो मात्र होइन, दाजुभाउजूको समेत अवस्था दयनीय बन्न पुग्यो । दाजुका छोराछोरी हरि र वसुधा टुहुरा जस्तै भए । उनी छुट्टिएर नबसेका भए पारिवारिक अवस्था मजबुत हुन्थ्यो । उनमा देखिएको निर्णय क्षमताको कमजोरीले सङ्लिएको पारिवारिक अवस्था लथालिङ्ग बन्न पुगेको छ । त्यसैले रामु जस्तो शिक्षित व्यक्तिले समयमै विचार पुऱ्याउनु आवश्यक थियो । क्षणिक आवेगमा आएर छुट्टिएर बस्नु मेरो विचारमा आवश्यक थिएन ।

पढाइ

११. पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।

उत्तर: पाठका अनुच्छेदहरू शिक्षकको उपस्थितिमा विद्यार्थीले कक्षामा पालैपालो सस्वर वाचन गर्ने ।

१२. कथा पढेका आधारमा रामुसित सम्बन्धित कुराहरू पाँचओटा बुँदामा टिपोट गर्नुहोस् ।

उत्तर:
(क) डेढ वर्षमा टुहुरा बनेका रामुलाई उनका दाजु निर्मलचन्द्र र भाउजू शोभाले लालनपालन गरी हुर्काएको,
(ख) उनलाई दाजुभाउजूले अपार स्नेहका साथ हुर्काउने र पढाउने काम गरेका,
(ग) पढाइमा अब्बल ठहरिएका रामुले एसएलसीमा सबैलाई जितेर उच्च शिक्षा हासिल गरी पढाउने काम गरेका,
(घ) बिहे गरेपछि सँगै बस्न नसक्ने भएर छुट्टै बस्न थालेका,
(ङ) श्रीमतीको अव्यावहारिक क्रियाकलापले गर्दा सिकिस्त बिरामी अवस्थामा शोभाले स्याहार सुसार गरी ठिक पारेपछि पुनः दाजुभाउजूकै घर फर्केका ।

puspas.com.np

१३. पाठको बाउन्नौं अनुच्छेद मनमनै पढनुहोस् र रामुको दुर्दशा हुनाको कारण आफ्नै शैलीमा लेख्नुहोस् ।

उत्तर: रामुकी श्रीमती अव्यावहारिक थिइन् । उनले छोराको मात्र नभएर बिरामी श्रीमान्को हेरचाह गर्ने काम समेत गरेकी थिइनन् । उनको गैरजिम्मेवारीपनले गर्दा सिकिस्त बिरामी भएका रामुलाई उचित खानपानको व्यवस्था पनि भएको थिएन । मयलले कालो भइसकेको धोती र मैलो जनै लगाएको एकजना मानिसले मैलो गिलासमै बार्ली लिएर आई खान दियो । बार्ली कालो थियो । खानै नसक्ने अवस्थाको बार्लीलाई देखेर रामुकी भाउजूले उसकी श्रीमतीको अव्यावहारिक पक्षको मनमनै आलोचना गरिन् । उनले घरमा अगतिली स्वास्नी भएपछि लोग्नेले यस्तै दुर्दशा व्यहोर्नुपर्ने निष्कर्ष निकालिन् । वास्तवमा रामुले आफ्नै श्रीमतीको अगतिलो व्यवहार र निर्णय क्षमताको कमीले धेरै दुर्दशा व्यहोर्नुपरेको देखिन्छ ।

१४. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी हाम्रा मौलिक अधिकार हुनुपर्ने हो तर आज पनि हामी भोकमरीको समस्याबाट माथि उठ्न सकेका छैनौं । बेरोजगारीले सताएको छ । रोग, भोक, शोक र गरिबले हाम्रो घाँटी अँठ्याएको छ । काम गर्ने इच्छा, उमेर र जाँगर भएर पनि अवसरको कमी छ । देशमा नयाँ-नयाँ उद्योग धन्दा खुल्न सकेका छैनन् । देशका लागि आवश्यक पर्ने उद्यमशील र सिर्जनशील युवाशक्ति रोजगारीको नाममा विदेशी भूमिमा रगत, पसिना बगाउन विवश छ । हाम्रा खेतीयोग्य जमिनसमेत मरुभूमिमा रूपान्तरण हुँदै छन् । वैदेशिक रेमिट्यान्सको नाममा देशको अर्थतन्त्र परनिर्भर बन्दै छ । देश खाद्यान्न र औद्योगिकीकरणमा आत्मनिर्भर बन्ने कुरा एकादेशको कथा जस्तै भएको छ । शैक्षिक बेरोजगारी ह्वात्तै बढेको छ । विद्यालय, विश्व विद्यालयहरू शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखानाको रूपमा विकसित भएका हुन् कि भन्ने छनक मिल्न थालेको छ । वैदेशिक रोजगारीमा जानेहरूको कथा र व्यथा पनि उत्तिकै कारुणिक र मार्मिक छ । आमा, बाबा र सन्ततिको मुहारमा हाँसो ल्याउन बिदेसिएका युवाहरू विदेशी भूमिमा मृत्युको सिकार बनेपछि आफन्तका आँसु थामिनसक्नु छन् । अब देशले यो पीडा कहिलेसम्म भोग्ने ? प्रश्न अनुत्तरित छ तर हामीसित प्रचुर सम्भावनाका ढोका खुला छन् । मनोरम प्राकृतिक दृश्यहरू, अपार जल सम्पदा, बहुमूल्य जडीबुटी, पुरातात्त्विक सम्पदाहरू, गौरवमय इतिहास र देशको ढुकढुकीलाई थाम्न सक्ने वर्तमान एकातिर छ भने अर्कोतिर भविष्यको सुन्दर क्षितिज नियाल्ने आँखाहरू पनि हामीसितै छन् । त्यसैले वैज्ञानिक, व्यावहारिक र रोजगारमूलक शिक्षा नीति लागु गर्दै कृषि क्रान्ति र औद्योगिक क्रान्तिमा जुट्नु नै हामी देशभक्त र स्वाभिमानी नेपालीका लागि अहिलेको प्रमुख कर्तव्य हो । हामी त्यसलाई पहिल्याउने प्रयत्न गरौं । नेपालीको सुन्दर भविष्य यसैमा सुनिश्चित हुने छ ।

प्रश्नहरू

(क) हाम्रा मौलिक अधिकारभित्र के-के कुरा समेटिनुपर्ला ?

उत्तर: हाम्रा मौलिक अधिकारभित्र गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता कुरा समेटिनुपर्ला ।

(ख) देश परनिर्भर बन्दै जानुको कारण के हो ?

उत्तर: वैदेशिक रेमिट्यान्स नै परनिर्भर बन्दै जानुको प्रमुख कारण हो ।

(ग) नेपालमा बेरोजगारी बढ्नाका कारणहरू के-के हुन् ?

उत्तर: देशलाई आवश्यक पर्ने उद्यमशील र सिर्जनशील जनशक्तिको अभाव नै नेपालमा बेरोजगारी बढ्नाका कारणहरू हुन् ।

pass.com.np

(घ) **समुन्नत नेपालको निर्माण गर्न अब हामीले के-के कुरामा ध्यान दिनुपर्ला ?**

उत्तर: समुन्नत नेपालको निर्माण गर्न अब हामीले पर्यटन, जल सम्पदा, बहुमूल्य जडीबुटी, पुरातात्त्विक सम्पदाहरूको संरक्षण, गौरवमय इतिहास र बेरोजगारी समस्याको समाधान जस्ता कुरामा ध्यान दिनुपर्ला ।

(ङ) **नेपाल र नेपालीको सुन्दर भविष्य सुनिश्चित गर्न सकिने आधारहरू के-के हुन् ?**

उत्तर: वैज्ञानिक, व्यावहारिक र रोजगारमूलक शिक्षा नीति लागु गर्दै कृषि क्रान्ति र औद्योगिक क्रान्तिमा जुट्ने जस्ता कुराहरू नै नेपालीको सुन्दर भविष्य सुनिश्चित गर्न सकिने आधारहरू छन् ।

१५. **कथा पढेका आधारमा धनी र गरिबबिचको वर्गीय सन्तुलन नमिल्दा उत्पन्न हुने समस्यालाई समेटी ७० शब्दसम्मको अनुच्छेद लेख्नुहोस् ।**

उत्तर: धनी र गरिबबिचको सन्तुलन नमिल्दा थुप्रै समस्याहरू उत्पन्न हुन्छन् । रामुका दाजुभाउजूको घरको आर्थिक अवस्था निकै कमजोर थियो । महिनाको साठी रुपियाँमात्र भित्रिने घरमा रामुले जागिर खान थालेपछि निकै राहत मिलेको थियो तर रामुको बिहे धनाढ्य परिवारकी केटीसँग भएपछि परिवारमा समस्या देखियो । रामुकी श्रीमतीको आगमनसँगै वर्गीय असन्तुलनका कारण परिवारमा मनमोटाब सुरु भयो । रामुकी श्रीमतीले माइतीबाट तामझामका साथ सामानहरू ल्याएर परिवारका सदस्यहरूप्रति घृणा गर्न थालेपछि एकै ठाउँ बस्न नसक्ने अवस्था सिर्जना भयो । फलत: रामु श्रीमतीलाई लिएर अलगै बस्न थाले । त्यसबाट समस्या समाधान हुनुको साटो झनै गम्भीर समस्या सिर्जना भयो ।

लेखाइ

१६. **शुद्ध गरी सार्नुहोस् :**

सोभाले गहभरी आसु पारेर भनीन् दाजु सँगएक वचन नसोधिकन जाने ?

उत्तर: शोभाले गहभरि आँसु पारेर भनिन्, "दाजुसँग एक वचन नसोधीकन् जाने ?"

१७. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) **टोल छिमेकमा शोभाको किन प्रशंसा भयो ?**

उत्तर: रामु शोभाका सौतेनी देवर हुन् । शोभाले उनलाई बिहे भएर आएदेखि नै लालनपालन र मातृत्व प्रदान गर्दै आएकी थिइन् । डेढ वर्षमै टुहुरो बन्न पुगेका रामुलाई सोर वर्षकी शोभाले लालनपालनको जिम्मा लिएकी थिइन् । डेढ वर्षको हुँदा आमा र वर्ष दिनको हुँदा बुबा बितेकाले रामुलाई मातृत्व प्रदान गर्दै संरक्षणको समेत सम्पूर्ण जिम्मेवारी शोभामाथि आएको थियो । शोभाले आफू बाइस वर्ष र रामु सात वर्षको हुँदा समेत एकोहोरो माया प्रदान गर्दै आएकी छन् । यस्तो मातापितविहीन शिशु रामुका लागि मातापिता भनेका शोभा र उनका श्रीमान् निर्मल नै देखापर्छन् । घरमा रामुले जे गरे पनि छुट छ । उनले भनेको वा चाहेको कुरा शोभाले र निर्मलले पुऱ्याइ दिंदै आएका छन् । शोभाले सौतेनी देवरका रूपमा हेर्नुको सट्टा आफ्नै सन्तानका रूपमा व्यवहार गर्दै आएकी छन् । रामुले शोभाबाट प्रशस्त मातृत्व सुख पाएका छन् । त्यसैले शोभाको त्याग र रामुप्रति उनले गरेको असल व्यवहारलाई टोल छिमेकमा प्रशंसा भयो ।

(ख) **शोभा र दुलही बज्यैका बिच के-कस्ता चारित्रिक अन्तरहरू देखिन्छन् ?**

उत्तर: शोभा र दुलही बज्यैका बिच थुप्रै चारित्रिक अन्तरहरू देखिन्छन् । शोभा गरिब परिवारकी छोरी र बुहारी हुन् । उनमा गरिबी र त्यसले निम्त्याउने जटिलता सहन गर्न सक्ने सामर्थ्य छ । उनी निर्मलचन्द्रकी श्रीमती र रामुकी सौतेनी भाउजू हुन् । आफू सौतेनी भाउजू भए पनि उनले कहिल्यै नराम्रो

pustak.com.np

व्यवहार देखाइनन् । आकाश जस्तै विशाल हृदय भएकी शोभाले डेढ वर्षको टुहुरो रामुलाई अपार मातृत्व प्रदान गरिन् । रामुका बाल्यकालदेखि लिएर विवाह पश्चात् छोरो भइसक्दा र त्यसपछिका समस्याहरूमा समेत विनास्वार्थ स्नेह प्रदान गर्नुका साथै सहयोग गरिन् ।

दुलही बज्यै रामुकी श्रीमती हुन् । उनी धनाढ्य र कुल घरानकी छोरी हुन् । उनले आफ्नो माइतीको धाक रवाफ देखाउने काम गरेकी छन् । यसैले गर्दा आफूलाई छोरा सरह व्यवहार गर्ने दाजुभाउजूबाट रामुलाई छुट्टिएर बस्नुपर्ने बाध्यता सिर्जना भयो । उनमा अहङ्कार र सम्मत्तिको घमन्ड देखिन्छ । त्यसैले उनी बढी नै अव्यावहारिक देखा पर्छिन् । सिकिस्त बिरामी भएको लोग्ने र सानो दुधे बालकलाई घरमा छोडेर गैरजिम्मेवार भई दक्षिणकाली जान्छु भनेर माइत जाने काम गरेकी छन् ।

यसरी शोभाका चरित्रमा अनुशासन र कर्तव्यपरायण जिम्मेवारीपन भेटिन्छ भने दुलही बज्यैमा गैरजिम्मेवारीपन र सम्पत्तिको तुजुक देखापर्छ । यिनै चारित्रिक अन्तरहरू शोभा र दुलही बज्यैका चरित्रमा फेला पार्न सकिन्छ ।

(ग) रामुले दाजु भाउजूको घर किन छाडे ?

उत्तर: रामुले दुलही बज्यैलाई बिहे गरेर ल्याएपछि घरमा दुलहीबाट कुनै पनि सहयोग प्राप्त हुन सकेन । यसले गर्दा शोभालाई निकै गारो भइरहेको थियो । घरभित्रको काम त परै जाओस् दुलहीले आफ्नै कोठा पनि सफा गर्दिनथिन् । यतिसम्म कि समयमा भात नखाइदिने, छरछिमेकीलाई खान नदिई मार्न लागे भन्ने र रामुले पनि श्रीमतीको कुरा सुनेर दाजुभाउजूप्रति पहिले जस्तो प्रेम र विनम्र साथ बोल्न छाडेकाले परिवारमा समस्या देखिन थाले । यसै क्रममा एक दिन दुलहीका कुरालाई लिएर दाजुभाइका बिच सामान्य भनाभन समेत भयो । यस्तो तनावयुक्त वातावरणमा बस्न नसक्ने टुङ्गोमा पुगेर रामुले दाजु भाउजूको घर छाडे ।

(घ) शोभाले आफ्नो कर्तव्य कसरी पुरा गरिन् ?

उत्तर: शोभा आकाश जत्तिकै फराकिलो छाती भएकी नारी थिइन् । सौतेनी देवरलाई पूर्ण मातृत्व प्रदान गर्नु र छरछिमेकीले समेत टीका टिप्पणी गर्नुको साटो प्रशंसा गर्नुले उनको हृदयको विशालता स्वत: स्पष्ट हुन्छ । अनेक लाञ्छना लगाएर अलगै बस्न पुगेका र पुरै सम्बन्ध विच्छेद गरेका रामु बिरामी भएको थाहा पाउने बित्तिकै घरका सबै काम छोडेर शोभा देवरको स्याहारसुसारमा लागिन् । दुलही बज्यै र देवरको क्रियाकलाप्रति कुनै टिप्पणी नगरी उनले रात दिन सेवा गरिन् । कोठाको सरसफाइदेखि लुगा धुने, बच्चाको हेरचाह गर्ने, बिरामीलाई पथ्य कुरा बनाएर खान दिने र अन्त्यमा आफ्नै घर ल्याउने सम्मको काम गरिन् । यसरी शोभाले आफ्नो कर्तव्य पूर्ण रूपमा पुरा गरिन् ।

(ङ) 'प्रत्यागमन' कथाको मुख्य आशय के हो ?

उत्तर: 'प्रत्यागमन' कथाकार गुरुप्रसाद मैनालीको एक चर्चित सामाजिक कथा हो । पारिवारिक विषयवस्तुमा आधारित भए पनि नेपाली समाजका समस्यालाई यसले उजागर गरेको छ । यस कथाले परिवारका सदस्यहरूबिच सधैं मेलमिलाप र सद्भाव कायम हुनुपर्छ, सानोतिनो कुरामा विवाद गर्नुको साटो फराकिलो हृदय पारेर अघि बढ्नुपर्छ । यसैगरी धनसम्पत्ति र कुल घरानको धाक र रवाफ पनि देखाउनुहुन्न । मानिसको सोच र व्यवहार सदा सकारात्मक हुनुपर्छ । यस्ता कुराहरू हुन नसके परिवारमा कलह सिर्जना हुनु

अनि अशान्ति मच्चिन्छ । परिवारमा शान्ति, समृद्धि र समुन्नतिका लागि पारिवारिक मेलमिलाप, सद्भाव र असल व्यवहार आवश्यक छ भन्ने देखाउनु नै 'प्रत्यागमन' कथाको मुख्य आशय हो ।

१८. यदि तपाईं प्रत्यागमन कथाको रामुको ठाउँमा भएको भए आफ्ना छोराको पास्नीमा दाजु, भाउजू र छोराछोरीलाई बोलाउनुहुन्थ्यो कि हुँदैनथ्यो ? तार्किक उत्तर दिनुहोस् ।

उत्तर: यदि म 'प्रत्यागमन' कथाको रामुको ठाउँमा भएको भए आफ्ना छोराको पास्नीमा दाजु, भाउजू र छोराछोरीलाई अवश्य पनि बोलाउँथें । म पढेलेखेको मान्छे हुँ । मेरो समाजमा इज्जत र प्रतिष्ठा छ । सचेत र शिक्षित भएको नाताले मेरा आमाबाबु सरहका दाजु अनि भाउजू र आँखाका नानी जस्ता छोराछोरीलाई पास्नीमा नबोलाउनु मेरो ठुलो भुल हुने ठानी अवश्य बोलाउने थिएँ । समाजमा परिवारको इज्जत राख्न र विच्छेद भएको सम्बन्धलाई पुन: ताजगीकरण गर्न पनि मैले सबैलाई बोलाउनै पर्छ । मैले आफ्नै श्रीमतीबाट सहयोग नपाउने अवस्था भए पनि त्यसलाई चिर्नु जरुरी छ । यदि मैले अतीतलाई हेर्ने हो भने मेरा लागि दाजुभाउजू सर्वस्व हुन् । मैले उहाँहरूबाट सर्वस्व पाएको छु । यदि उहाँहरूले मेरो लालनपालन र पढ्ने वातावरण नमिलाइ दिइएको भए आज म यस्तो अवस्थामा आइपुग्ने थिइनँ । आज मेरो जुन हैसियत छ, त्यसको श्रेय दाजुभाउजूलाई नै जान्छ । उता छोराछोरी त त्यसै पनि मेरो माया र स्नेहका प्यासी बनेर बसेको म अनुभव गर्छु । त्यस्ता निर्दोष छोराछोरीलाई नबोलाउनु मेरो झन ठुलो भुल हुने छ । त्यसैले 'प्रत्यागमन' कथाको रामुको ठाउँमा म भएको भए आफ्ना छोराको पास्नीमा दाजु, भाउजू र छोराछोरीलाई अवश्य पनि बोलाउँथें ।

१९. 'प्रत्यागमन' कथामा कथाकारले नेपाली समाजका के-कस्ता वास्तविकतालाई देखाउन खोजेका छन्, विवेचना गर्नुहोस् ।

उत्तर: कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'प्रत्यागनमन' एक सामाजिक विषयवस्तुमा आधारित प्रसिद्ध कथा हो । यसले नेपाली समाजको वास्तविकतालाई जीवन्त रूपमा उतारेको छ । नेपाली समाजको पारिवारिक स्थिति, मूल्य, मान्यता, रीति, परम्परा आदर्श आदिलाई यसले यथार्थ रूपमा प्रस्तुत गरी नैतिक सन्देश समेत दिएको छ ।

परिवारमा मिलेर बस्नु नेपाली समाजको ठुलो आदर्श हो । समाजमा परिवारका सदस्यहरू झगडा गर्नुको साटो आपसमा मिलेर बस्छन् । लोग्ने र स्वास्नीका बिच कुनै प्रकारको तल बितल हुन्न । सानोतिनो कुरामा मनमोटाब भइहाले पनि त्यो क्षणिक हुन्छ । त्यसले कहिल्यै गम्भीर मोड लिन्न । नारीहरू उदार हृदयका हुन्छन् । सौतेनी छोरो भए पनि मातृत्व स्नेह दिएर सहजै हुर्काउन सक्ने हृदयको विशालता र क्षमता उनीहरूले राख्छन् । यही हृदयको विशालता रामुका दाजु निर्मल र भाउजू शोभाले देखाएका छन् । डेढ वर्षको टुहुरो रामुको सम्पूर्ण जिम्मा लिएर आजीवन उसको भलाइ चाहनु निर्मल र शोभाको आदर्श चरित्रको विशिष्ट उदाहरण हो ।

नेपाली समाजमा पढेलेखेका मानिसहरूलाई सम्मान गर्ने परम्परा छ । पढेलेखेका शिक्षित र जागिरेहरूलाई हेर्ने दृष्टिकोण नेपाली समाजमा सकारात्मक रहेको छ । त्यस्तै बिहे गर्दा कुल घरानकी केटी हेर्ने, इज्जतको ख्याल गर्ने परम्परा पनि नेपाली समाजमा विद्यामान छ । बिहे गर्दा दुलाहा र दुलही पक्षकाले सतर्कता अपनाउने, बिहेलाई सांस्कृतिक उत्सवकै रूपमा लिने, भोज भतेर गर्ने, छोरी मान्छेले बिहे गरेर गएपछि माइतीको सम्पत्तिको धाक रवाफ देखाउने, सम्पन्न हुँदै गएपछि घरमा नोकर राख्ने, घरको डिलमा बसेर घुड्का तान्ने, छोराछोरीको पास्नी गर्दा आफन्त र इष्टमित्रहरूलाई बोलाउने जस्ता परम्परा र चलनहरू नेपाली समाजमा अद्यापि छँदै छन् । यस्ता नेपाली समाजका वास्तविकतालाई यस कथाले अत्यन्त मार्मिक रूपमा उतारेको छ । पारिवारिक पृष्ठभूमिमा रचना गरिएको भए पनि यस कथाले नेपाली समाजका वास्तविकतालाई जीवन्त र प्रभावकारी ढङ्गमा उद्घाटन गरेको पाइन्छ ।

pustaks.com.np

puspas.com.np

२०. **कथाको अन्तिम अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् ।**

उत्तर: (क) मोटर निर्मलका ढोकामा पुग्नु र रामु लुगाको पोको झुन्ड्याएर तलामा उक्लँदै गरेका,

(ख) धमिलो बत्तीमा निर्मल, हरि र वसुधा मैला लुगा लगाएर खाटमुनिको सुकुलमा बसेर खाजा खान लागेका,

(ग) निर्मल, हरि र वसुधा कान्तिहीन अवस्थामा रहेका,

(घ) रामुले परिवारसँग कति ठुलो अनिष्ट गरें भनी आफैँलाई धिक्कारेका ।

पछुतो

आफ्ना दाजु निर्मलको ढोकामा पुगेर रामुले लुगाको पोको झुन्ड्याई तलामा उक्लेर हेर्दा धमिलो बत्तीमा दाजु र दाजुका छोराछोरीलाई मैला लुगा लगाएर खाटमुनिको सुकुलमा बसेर खाजा खाँदै गरेको देखे । उनीहरूको अवस्था अत्यन्त दयनीय बनेको थियो । रामुले परिवारसँग आफूले ठुलो अनिष्ट गरेको भन्दै पछुतो गरे ।

२१. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) **'परमेश्वर, म कृतघ्न हुँ' । मेरो पौरखलाई धिक्कार छ ।"**

उत्तर: माथि दिइएको भावपूर्ण तथा गहन अभिव्यक्ति सुप्रसिद्ध कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'प्रत्यागमन' कथाबाट उद्धरण गरिएको हो । मैनाली सामाजिक विषय वस्तुमा आधारित कथा लेख्ने प्रसिद्ध कथाकार हुन् । नेपाली समाजका रीतिरिवाज, मूल्य, मान्यता र आदर्शलाई उनी सरल बोलीचालीको भाषामा प्रस्तुत गर्ने क्षमता राख्छन् । आफ्ना आमाबाबु सरह लालनपालन गरी हुर्काउने दाजुभाजूलाई श्रीमतीको लहै लहैमा लागेर अलगै बस्न पुगेका रामु बिरामी परेर थलिए । त्यस्तो बेला श्रीमतीले उनको राम्ररी हेरचाह पनि गरिनन् । रामुको टिठलाग्दो अवस्था देखेर भाउजू शोभाले पुरै स्याहारसुसार गरी निको पारी घर लिएर गइन् । दाजुको घरमा पुगेपछि आफ्नो अनुपस्थितिमा घर परिवारको अवस्था नाजुक बन्न पुगेको उनले देखे । यस्तो अवस्था सिर्जना गर्ने पात्र आफैँ भएको महसुस गर्दै मनमनै पछुतो गर्ने क्रममा रामुले उक्त अंश भनेका हुन् ।

मातृपितृस्नेह प्रदान गर्ने भाउजू र दाजुप्रति रामुले खुबै पश्चात्ताप गरे । कुनै सहारा नभएपछि मानिसले ईश्वरको पुकार गर्छ । त्यस्तै अवस्था रामुको भएको छ । उनलाई हुर्काउने, माया दिने र पढाउने जस्ता अति नै महत्त्वपूर्ण काम गरेर सक्षम बनाउने दाजुभाउजूप्रति उनले गद्दारी गरे । दाजुभाउजूले गरेको उपकार उनले चटक्कै बिर्से । उनकै कारण दाजुको घरमा गरिबीले डेरा जमायो । उनी दाजुभाउजूप्रति कृतघ्न नबनेका भए दाजुभाउजूको अवस्था यस्तो दयनीय र टिठलाग्दो हुने थिएन । जति नै पौरख गरे पनि त्यस अवस्थामा उनी आफूलाई धिक्कार्छन् । उनलाई आफू कर्तव्यच्युत भएकोमा हुनसम्म पछुतो भएको छ ।

माथिको अभिव्यक्तिबाट रामुले गल्ती महसुस गरेको बुझिन्छ । गल्तीलाई दोहोऱ्याउनुको सट्टा त्यसलाई महसुस गर्दै सच्याउनु मानिसको महानता हो । त्यस्तै महानताको भाव रामुले यहाँ प्रकट गरेका छन् । परमेश्वर, कृतघ्न, धिक्कार जस्ता तत्सम शब्द अनि पौरख जस्तो तद्भव शब्दको प्रयोगले पश्चात्तापसम्बन्धी भाव र कर्तव्यबोध भएको कुरालाई यहाँ प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ ।

puspas.com.np

(ख) **अहो । संसार कति मतलबी छ ।**

उत्तर: उद्धृतांश कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'प्रत्यागमन' शीर्षकको कथाबाट उद्धहरण गरिएको हो । मैनाली सामाजिक विषयवस्तुमा आधारित कथा लेख्ने सुप्रसिद्ध कथाकार हुन् । उनले आफ्ना कथामा नेपाली ग्रामीण समाजको सुन्दर तस्बिर उतारेका छन् । सरल बोलीचालीको भाषामा नेपाली ग्रामीण समाजको सही तस्बिर उतार्न सिपालु मैनालीको 'प्रत्यागमन' सामाजिक विषय वस्तुमा आधारित चर्चित कथा हो । सौतेनी देवर रामुलाई लालनपानल गर्ने, मातृस्नेह दिने, पढाउने र योग्य बनाउने काम शोभा र उनका श्रीमान् निर्मलले गरे । रामुले आफ्नो बिहे हुनुअघिसम्म दाजुभाउजू र भतिजा भतिजीप्रति स्नेह र आत्मीयताको व्यवहार गर्थे । तर बिहेपछि श्रीमतीको लहै लहैमा लागेर छुट्टै बस्न पुगेका रामुले आफ्नो छोराको पास्नीमा दाजु भाउजू मात्र होइन उनीहरूका स-साना छोराछोरीलाई समेत बोलाएनन् । यस्तो कृतघ्न बनेको रामुका बारेमा टिप्पणी गर्ने क्रममा शोभाले मनमनै भन्ने क्रममा माथिको अंश आएको हो ।

मान्छेले आत्मैदेखि अर्काको उपकार गरे पनि उसले प्रतिफल पाउन सक्दैन । संसार अति नै मतलबी छ वा स्वार्थी छ । रामुलाई उनका दाजुभाउजूले लालनपालन गरे । उसका बाल्यकालीन इच्छा पुरा गर्नमा कुनै कमी हुन दिएनन् । हरबखत आफ्नै सन्तानलाई स्याहारसुसार गरे झैं रामुको हेरविचार गरे भने रामुले पनि दाजुभाउजू र भतिजा भतिजीप्रति असलै व्यवहार गरेका हुन् । तर जब उनी अलगै बस्न थाले तब निर्दोष भतिजा र भतिजीलाई समेत बिर्से । उनले बिर्से भन्दा पनि मतलबै गर्न छोडे । उनका चरित्रमा स्वार्थीपना देखियो । यस्तो स्वार्थीपना संसारमा प्रशस्त देखिने गर्छ ।

संसार स्वार्थी छ । स्वार्थको पछि लागेपछि मान्छेले विवेक गुमाउँछ । उसले आफूमाथि गरेको उपकार पनि बिर्सन्छ । रामुले यस्तै चरित्र प्रदर्शन गरेका छन् । आश्चर्य उत्पन्न गर्ने शब्द र भाषिक चिह्नको प्रयोगका साथ मान्छेमा देखिने स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै त्यस्तो स्वार्थीपना त्याग्नुपर्ने सन्देशलाई यहाँ निकै आकर्षक रूपमा प्रस्तुत गरिएको छ ।

व्याकरण

१. **तलका अनुच्छेदमा रेखाङ्कन गरिएका क्रियापद अपूर्ण पक्षका हुन् । ती क्रियापद राम्ररी पढेर बुझ्नुहोस् :**

राजनीतिक परिवर्तनपछि नेपाल नयाँ युगमा प्रवेश गर्दै थियो । नेपालीहरू रमाउँदै थिए । नेपाल नवीन सोच र इच्छा शक्तिका साथ अगाडि बढ्दै थियो । अब नेपाल समृद्धिको नयाँ चरणमा प्रवेश भनेर नेताहरू भाषण गर्दै थिए । नयाँ संविधान घोषणाको तयारी हुँदै थियो । नेपाली जनताहरू पनि उत्साहित हुँदै थिए । देश विदेशबाट शुभ कामनाहरू आउँदै थिए । छिमेकीहरू पनि नेपालको गतिविधिलाई नजिकैबाट नियाल्दै थिए । मेरा आमा बाबा पनि अब देशले प्रगति गर्दै छ भन्नु हुँदै थियो । मेरी सानी छोरी आफू पढ्दै थिइन् तर पनि देशको बारेमा चिन्ता गर्दै थिइन् । उनले भाइलाई २०७२ साल असोज ३ गते नयाँ संविधान घोषणा भएको कुरा भन्दै थिइन् । वातावरण असाध्यै रमाइलो हुँदै थियो । उनी गृहकार्य गर्दै थिइन् तर पनि भाइलाई तिमी पढ्दै छौ कि के गर्दै छौ भनेर सोध्दै थिइन् ।

टेलिभिजनमा समाचार आउँदै थियो । विद्वान्हरूले आफ्ना विचार राख्दै थिए, "अब नेपालले विकासको गति लिँदै छ । देशभर उद्योगहरू पुरा खुल्दै छन् । कृषिमा नयाँ क्रान्ति हुँदै छ । युवाशक्ति अगाडि बढ्दै छन् । सबै नागरिकहरू उत्साहित

pustaks.com.np

भएर काममा लाग्दै छन् । देश सङ्घीयतामा जाँदै छ । भूगोलका रेखाहरू कोरिँदै छन् । जनताका आकाङ्क्षाहरू पूरा हुँदै छन् । ठाउँ ठाउँमा बिजुली निकालिँदै छ । सिङ्गो देश झलमल्ल उज्यालो बन्दै छ ।"

म पनि सोच्दै थिएँ - आहा ! अब त केही वर्षमा नेपाल पनि प्रगति पथमा लम्किँदै हुने छ । नेपालीका दुःखका दिन सकिँदै हुने छन् । बेरोजगार नेपालीले रोजगारको अवसर पाउँदै हुने छन् । देशभर विकासका मूल फुट्दै हुने छन् । विदेसिएका नेपालीहरू स्वदेश फर्किँदै हुने छन् । देशभर फराकिला सडकहरू बन्दै हुने छन् । चिल्ला कारहरू गुड्दै हुने छन् । मेरी छोरी पनि कम्प्युटरमा खेल्दै हुने छिन् । नयाँ नेपालको चित्र कोर्दै हुने छिन् । सिङ्गो नेपाल हराभरा हुँदै हुने छ । हिमालहरू मुस्कुराउँदै हुने छन् । पहाडमा चेतनाका फुल फुल्दै हुने छन् । तराईमा धानका बाला झुल्दै हुने छन् । अनि सम्पूर्ण नेपालीहरू भन्दै हुने छन्, "आहा ! क्या राम्रो नेपाल, सुन्दर, शान्त र विशाल ।"

माथिका अनुच्छेदमा रेखाङ्कित गरिएका क्रियापद अपूर्ण पक्षका हुन् । ती क्रियापद भूत, वर्तमान र भविष्यत् कुन-कुन कालमा पर्दछन् ? तल दिइए जस्तै तालिका बनाएर कापीमा लेख्नुहोस् ।

अपूर्ण भूत	अपूर्ण वर्तमान	अपूर्ण भविष्यत्
गर्दै थियो, रमाउँदै थिए, भन्नु हुँदै थियो	गर्दै छ, पढ्दै छौ, खुल्दै छन्	लम्किँदै हुने छ, सकिँदै हुने छन्, खेल्दै हुने छिन् .....

उत्तर:

अपूर्ण भूत	अपूर्ण वर्तमान	अपूर्ण भविष्यत्
बढ्दै थियो, गर्दै थिए, हुँदै थियो, हुँदै थिए, आउँदै थिए, नियाल्दै थिए, हुँदै थियो, पढ्दै थिइन्, गर्दै थिइन्, भन्दै थिइन्, हुँदै थियो, गर्दै थिइन्, सोध्दै थिइन्, आउँदै थियो, राख्दै थिए	पढ्दै छौ, गर्दै छौ, लिँदै छ, खुल्दै छन्, हुँदै छ, बढ्दै छन् , लाग्दै छन्, जाँदै छ, कोरिँदै छन्, हुँदै छन् निकालिँदै छ, बन्दै छ,	लम्किँदै हुने छ, पाउँदै हुने छन् फुट्दै हुने छन्, फर्किँदै हुने छन्, बन्दै हुने छन्, गुड्दै हुने छन्, खेल्दै हुने छिन्, कोर्दै हुने छिन्, हेर्दै हुने छ, मुस्कुराउँदै हुने छिन्, फुल्दै हुने छन्, झुल्दै हुने छन् भन्दै हुने छन्

२. **पाठबाट पाँचओटा क्रियापद टिप्नुहोस् र माथिको तालिकामा जस्तै अपूर्ण पक्षका तीनओटै कालमा परिवर्तन गर्नुहोस् ।**

उत्तर: लागे, भने, बसिन्, बिउँझे, थाले

अपूर्ण भूत	अपूर्ण वर्तमान	अपूर्ण भविष्यत्
लागे - लाग्दै थिए भने - भन्दै थिए बसिन् - बस्दै थिइन् बिउँझे - बिउँझिँदै थिए थाले - थाल्दै थिए	लाग्दै छन्, भन्दै छन्, बस्दै छिन्, बिउँझिँदै छन, थाल्दै छन्	लाग्दै हुने छन्, भन्दै हुने छ बन्दै हुनेछिन्, बिउँझिँदै छन्, थाल्दै हुने छन्

pustpas.com.np

३. **समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउनुहोस् :**

समूह 'क'	**समूह 'ख'**
डोल्मा नाच्दै थिइन् ।	**अपूर्ण वर्तमान**
छिरिङ पढ्दै छ ।	**अपूर्ण भविष्यत्**
सोनवा लेख्दै हुने छ ।	**अपूर्ण भूत**
शङ्कर खेल्दै छ ।	**अपूर्ण वर्तमान**
सीमाले कथा भन्दै थिइन् ।	**अपूर्ण भविष्यत्**
म पढ्दै हुने छु ।	**अपूर्ण भूत**

उत्तर:

समूह 'क'	समूह 'ख'
डोल्मा नाच्दै थिइन् ।	अपूर्ण भूत
छिरिङ पढ्दै छ ।	अपूर्ण वर्तमान
सोनवा लेख्दै हुने छे ।	अपूर्ण भविष्यत्
शङ्कर खेल्दै छ ।	अपूर्ण वर्तमान
सीमाले कथा भन्दै थिइन् ।	अपूर्ण भूत
म पढ्दै हुने छु ।	अपूर्ण भविष्यत्

४. **कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) तिमी र मसँगै ..... । (जा : अपूर्ण भविष्यत्)
(ख) आमाले मिठो कथा ..... । (भन् : अपूर्ण भूत)
(ग) आर्जन परीक्षामा प्रथम ..... । (हु : अपूर्ण वर्तमान)
(घ) स्मिलाले नयाँ किताब ..... । (पढ् : अपूर्ण भविष्यत्)
(ङ) दिग्विजय रमाइलो कथा ..... । (भन् : अपूर्ण भूत)

उत्तर:
(क) तिमी र मसँगै **जाँदै हुने छौं** ।
(ख) आमाले मिठो कथा **भन्दै थिइन्** ।
(ग) आर्जन परीक्षामा प्रथम **हुँदै छ** ।
(घ) स्मिलाले नयाँ किताब **पढ्दै हुने छिन्** ।
(ङ) दिग्विजय रमाइलो कथा **भन्दै थिए** ।

५. **हिजो तपाईंको कक्षाका साथीहरू के-के गर्दै थिए ? अपूर्ण भूत कालको प्रयोग गरी पाँच वाक्यमा वर्णन गर्नुहोस् ।**

उत्तर: हिजो मेरा साथीहरू खेलमैदानमा रमाउँदै थिए । रमा र सीता ताली पिट्दै थिए । हरि र विनोद टेबुल टेनिस खेल्दै थिए । उषा र विनीता उफ्रँदै थिए । आर्जन र शङ्कर फुटबल खेल्दै थिए ।

६. **भविष्यमा तपाईं के गर्दै हुनुहुने छ, अनुमान गर्नुहोस् र अपूर्ण भविष्यत् कालको प्रयोग गरी पाँच वाक्यमा लेख्नुहोस् ।**

उत्तर: प्रवेशिका परीक्षा दिएपछि म विज्ञान विषय लिएर पढ्दै हुने छु । मलाई सुरुमा पढ्न निकै मुस्किल पर्दै जाने छ । म हिम्मत नहारी मेहनत गर्दै जाने छु । मेरो सफलतासँगै बुबाआमा पनि खुसी हुँदै जानुहुने छ । विज्ञान विषय लिएर १० + २ सकेपछि मेरो डाक्टर बन्ने बाटो खुल्दै जाने छ ।

७. **अपूर्ण वर्तमान कालको प्रयोग गरी पाँच वाक्यमा आफूलाई मन पर्ने साथीको वर्णन गर्नुहोस् ।**

उत्तर: मेरो मन मिल्ने साथीले पढाइमा राम्रो गर्दै छ । उसले पढाइका साथै स्वास्थ्यमा पनि ध्यान दिँदै छ । खेलकुदमा पनि उसको रुचि जाग्दै छ । पढाइले गर्दा ऊ साथीहरू बिच प्रिय बन्दै छ । गुरुहरूले समेत उसको प्रशंसा गरेको सुनिँदै छ ।

pustak.com.np

सिर्जनात्मक अभ्यास

१. तल दिइएका बुँदाहरूका आधारमा कथा तयार गर्नुहोस् र सुहाउँदो शीर्षक पनि दिनुहोस् ।

एकादेशमा एक जना ज्योतिषी हुनु ..... एक पटक ज्योतिषी आकाशका ताराहरूको अध्ययन गर्दै हिँड्नु ..... बाटामा कुवा नदेख्नु ..... ज्योतिषी कुवामा खस्नु..... एउटा युवकले देख्नु ..... युवकले ज्योतिषीलाई बाहिर निकाल्न मद्दत गर्नु ..... ज्योतिषी खुसी हुनु ..... युवकलाई आफ्नो घरमा बोलाउनु .....आफू ठुलो ज्योतिषी भएकाले उसको सबै भविष्य बताइदिन्छु भन्नु ..... आफ्नै अगाडिको कुवा नदेखेर त्यसमा खस्नेले अर्काको भविष्य बताउने भन्दै युवक आफ्नो बाटो लाग्नु ..... ज्योतिषीका आँखा खुल्नु ..... धेरै ठुला ठुला कुरा गर्नेले ससाना कुरामा पनि ध्यान दिनुपर्ने सन्देश ।

उत्तर:

ज्योतिषी

एकादेशमा एकजना ज्योतिषी थिए । उनलाई आफू ज्योतिष विद्यामा पारङ्गत छु भन्ने घमन्ड थियो । एक पटक उनी आकाशका ताराहरू अध्ययन गर्दै हिँडिरहेका थिए । उनी एकोहोरो अध्ययनमा लागेकाले बाटामा रहेको ठुलो र गहिरो कुवा देखेनन् । एक्कासि उनी कुवामा खसे । त्यही बाटो हिँडिरहेको एउटा युवकले ज्योतिषी कुवामा खसेको देख्यो । ज्योतिषी आत्तिएर भन्दै थिए, "बचाओ ...!" युवकले कुवाबाट बाहिर निकाल्न मद्दत गऱ्यो । युवकको सहयोग र मद्दतले कुवा बाहिर आउन सफल ज्योतिषी युवकसँग खुसी भए । उनले युवकलाई भने, "बाबु मलाई तपाईंले मद्दत गर्नुभयो । एक पटक मेरो घरमा आउनु । म एउटा ठुलो ज्योतिषी हुँ । म तपाईंको सबै भविष्य बताइदिन्छु ।" युवकले मुन्टो हल्लायो तर केही उत्तर दिएन । युवकलाई ज्योतिषीका कुरामा विश्वास लागेन । उसले भन्यो "आफ्नै अगाडिको कुवा नदेखेर त्यसमा खस्नेले अर्काको भविष्य के बताउन सक्नुहुन्छ बाजे ? म त हिँडें ।" युवक यति भनेर आफ्नो बाटो लाग्यो । ज्योतिषीलाई युवकका कुरा उचित लाग्यो । आफूले ठुला ठुला कुरा गरे पनि साना कुरामा ध्यान नदिँदा कुवामा खसेर दुःख पाउनुपरेको उनले सम्झे ।

२. दिइएका बुँदाहरूको आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि दिनुहोस् :

नाम	:	गुरुप्रसाद मैनाली
जन्मस्थान	:	धनकुटा
पुर्ख्यौली थलो	:	तिमाल कानपुर, काभ्रपलाञ्चोक
जन्ममिति	:	वि.सं. १९५७ भदौ २३
शिक्षा	:	घरमै अनौपचारिक शिक्षा, स्वाध्ययनबाट प्रशस्त ज्ञान प्राप्त
संलग्नता	:	१९८३ सालदेखि निजामती सेवाका विभिन्न कार्यालयमा जागिरे, न्याय विभागको अड्डामा पनि काम गरेका वि.सं. १९९२ को 'शारदा' पत्रिकामा 'नासो' कथा प्रकाशित वि.सं. २०२० मा 'नासो' कथा सङ्ग्रह प्रकाशित
प्रवृत्ति	:	- सामाजिक विषयवस्तुमा कथा लेखेर नेपाली कथा साहित्यमा आधुनिकता भित्र्याउने कथाकार - कथाहरूमा गाउँले समाजको यथार्थ चित्रण - कथामा रोचक वर्णन र मन छुने बोलीचाली भएका पात्रहरूको प्रयोग - आदर्शोन्मुख यथार्थवादी कथाकार - उनकै नामबाट 'मैनाली कथा पुरस्कार' स्थापित
मृत्यु	:	वि.सं. २०२८, आर्यघाट, काठमाडौं

puspas.com.np

उत्तर:

आधुनिक कथाकार गुरुप्रसाद मैनाली

आधुनिक नेपाली कथा साहित्यका प्रवर्तक गुरुप्रसाद मैनालीको जन्म वि.सं. १९५७ साल भदौ २३ गतेका दिन पूर्वी नेपालको धनकुटामा भएको थियो । यिनको पुरख्यौली थलो काभ्रेपलाञ्चोक जिल्लाको कानपुर तिमाल हो । यिनले घरमै अनौपचारिक शिक्षा हासिल गरेका थिए । यसका साथै स्वाध्ययनबाट यिनका प्रशस्त ज्ञान प्राप्त गरेका थिए । वि.सं. १९८३ सालदेखि निजामति सेवामा प्रवेश गरी विभिन्न कार्यालयमा काम गर्ने मैनालीले न्याय विभागको अड्डामा पनि काम गरेका थिए ।

मैनालीले कथा विधामा कलम चलाएका छन् । यिनको वि.सं. १९९२ सालको **शारदा** पत्रिकामा **नासो** शीर्षकको कथा प्रकाशित भयो । उनले सबै कथाहरूको सँगालो वि.सं. २०२० सालमा **नासो** कथा सङ्ग्रहका नामबाट प्रकाशित भएको छ । उनी सामाजिक विषयवस्तुमा आधारित कथा लेखेर नेपाली साहित्यमा आधुनिकता भित्र्याउने पहिलो कथाकार हुन् । यिनले आफ्ना कथामा गाउँले समाजको यथार्थ चित्रण गरेका छन् । यिनका कथाहरू सामाजिक यथार्थवादी भए पनि अन्तिममा गएर आदर्शमा टुङ्गिने हुनाले यिनी आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा परिचित छन् । नेपाली कथा साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका मैनालीका नामबाट 'मैनाली कथा पुरस्कार' को समेत स्थापना गरिएको छ र विभिन्न स्रष्टाहरूलाई पुरस्कृत गरिँदै आएको छ । यिनको मृत्यु वि.सं. २०२८ सालमा काठमाडौंको आर्यघाटमा भएको देखिन्छ ।

❑❑❑

puspas.com.np

THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

Nepali

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.